# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा

२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या(Reference No.)-: २०७९/०८०

च नं(Dispatch No.)-:

मिति(Date):२०७९/१०/२९

श्री वडा कार्यालय (सबै)

भिमसेनथापा गाउँपालिका,

गोरखा।

**विषय: न्युनतम रोजगारीमा संलग्न हुनको लागि निबेदन दिने सम्बन्धी सूचना।**

रोजगारीको हक सम्बन्धी एन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियामावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आर्थिक वर्ष २०८०/०८१ का लागि भिमसेनथापा गाउँपालिकाका १८ वर्ष देखि ५९ वर्ष सम्मका स्थायी बासिन्दालाई प्रदान गरिने सय दिनको न्युनतम रोजगारीमा संलग्न हुनको लागि मिति २०७९/११/०१ गते देखि २०७९/११/३० सम्म आवेदन खुल्ला गरिएको हुदा सोहि मिति भित्र बेरोजगार दर्ताको लागि आफ्नो स्थाई बसोबास रहेको वडा कार्यालयमा सम्पर्क गरि इच्छुक बेरोजगार व्यक्तिले निवेदन दर्ता गराउनुहुन अनुरोध गरिन्छ।

**निवेदन दिदा ध्यान दिनु पर्ने कुराहरु:**

- निवेदनको ढांचा अनुसार व्यक्तिगत, पारिवारिक विवरण पुरा नभरेमा मान्य हुने छैन।
- आफ्नो र परिवारका सम्पूर्ण सदस्यको विवरण (जस्तै नागरिकता ने जारी मिति जारी जिल्ला जन्म मिति, शैक्षिक योग्यता ईत्यादी प्रष्ट बुझिने गरि निबेदनमा भर्नु पर्ने छ।
- बेरोजगार निवेदन सम्बंधित वडामा दर्ता भई वडा अध्यक्षबाट प्रमाणित भएको हुनु पर्ने छ, अन्यथा मान्य हुने छैन।
- आम्दानी वा पारिवारिक विवरण झुटो राखी निवेदन दिन पाइने छैन, झुटो प्रमाणित भएमा नियमानुसार कारबाही गरिनेछ।
- यस अघिनै बेरोजगार सुचिमा सुचिकृत भई सकेकाको हकमा निबेदन दिनु पर्ने छैन।

**निवेदन साथ संग्लन गर्नु पर्ने आवश्यक कागजातहरु:**

- निवेदकको नागरिकताको प्रतिलिपि, १ प्रति पासपोर्ट साइजको फोटो।
- अन्य जिल्ला बाट बसाई सरि वा बिवाह गरि आएको भए बसाई सराइ वा बिवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- बैदेशिक रोजगारीबाट फर्केका वा श्रम स्वीकृति लिई जान नपाएकाको हकमा सो को प्रमाण खुल्ने कागजातको प्रतिलिपि।
- निवेदन दिने व्यक्ति वा परिवारमा अपांगता भएमा अपांगताको परिचयपत्रको प्रतिलिपि।
- निवेदकको बैंकको खाता विवरण र परिवारको वार्षिक आम्दानी।
- यस सम्बन्धि अन्य विस्तृत जानकारी र बेरोजगार निबेदन फारम प्रधानमन्त्री रोजगार कार्यक्रमको वेब साइट www.pmep.gov.np तथा गाउँपालिका अन्तर्गत रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा बाट प्राप्त गर्न सकिने छ।
- थप जानकारीका लागि रोजगार सेवा केन्द्रको सम्पर्क नं. ९८४९६७९३५२, ९८६००४१६३०।

२०७९/१०/२९

चित्र बहादुर अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

चित्र बहादुर अधिकारी
प्रमुख प्रशासकीय अधिकृत